# मनरी हेण्ड पम्प खानेपानी तथासरसफाइ योजना

## सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति : २०७४/११/२४

**सरावल गाउँपालिकामा** सञ्चालित **मनरी हेण्ड पम्प**खानेपानी तथा सरसफाई योजनाको खरिद व्यवस्थापन समिति द्धारा **निर्माणसामाग्रीहरु,पाईप,फिटिङ्ग तथा हेण्ड पम्प सम्वन्धि सामाग्री** खरिद गर्नु पर्ने भएकोले**सरावल गाउँपालिका/ पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजनाको** खरिद निर्देशिका बमोजिमदरभाउपत्र साथसंलग्न परिमाण,तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रहि सप्लाई गर्न इच्छुक मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरहरुबाट निम्न शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१)विभिन्न आवश्यक **निर्माण सामाग्रीहरु,पाईप,फिटिङ्ग तथा हेण्ड पम्प सम्वन्धि सामाग्री** सप्लाई सम्वन्धी दरभाउपत्र फारम प्रति फारम रु.१,०००।० अक्षरेपी रु.एक हजार (पछि फिर्ता नहुने गरी)**मनरी हेण्डपम्प खानेपानी तथा सरसफाई योजनाको राष्ट्रिय वाणिज्य वैक परासी** मा रहेको **हि.न. ३१००००७३९८०१** मा जम्मा गरेको भौचर सहित लिखित निवेदनको साथमा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सुचना प्रकाशित भएको मितिले **१५ औ** दिन (पन्ध्रौ) दिनको दिउसो ५:०० बजे भित्र **सरावल गाउँपालिका वडा नं.२को कार्यालय** वाट खरिद गर्न सकिने छ ।

२) खरिद गरिएको दरभाउपत्र फारामहरु रितपुर्वक भरी सुचना प्रकाशित भएको **१६औ दिन** (सोह्रौ) दिनको दिउसो १२:०० बजे भित्र **सरावलगाउँपालिका वडा नं.२को कार्यालय**मा दर्ता गराउनु पर्नेछ, साथै दरभाउपत्र खरिद गरेको सक्कलै रसिद सहित दरभाउपत्र फाराम सिलबन्दी गरी उपभोक्ता समितिको नाम,ठेगाना र निर्माण सामाग्रीहरु,पाइप तथा फिटिङ्गहरु सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३) सिलवन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारीक प्रतिनिधि आफै उपस्थित भई पेश गर्न सक्नेछ । सिलवन्दी दरभाउपत्र सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४)सप्लाई हुने सामाग्रीहरुको भुक्तानी उपभोक्ता समितिले योजना नजिकको **गाडी** जाने स्थान वा योजना सम्म ढुवानी भई चेकजाँच भएपछि मात्र गर्नेछ । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५)उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु सुचना प्रकाशित भएको मितिले १६औ दिनको दिउसो दिनको १:०० बजे **सरावल गाउँपालिकाको कार्यालयमा** उपभोक्ता खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६)दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन विक्रि गरिने,दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनुपर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कारवाहि हुनेछैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०)यो सुचना केहि संशोधन गर्नु परेमा सो को सुचना **सरावल गाउँपालिकाको कार्यालय**को सुचना पाटीमा टास गरिनेछ ।

**योजना थप जानकारीका लागी**

**खरिद समिति संयोजक** : देवनारायण गिरी, सम्पर्क नं. ९८४७२९१३४१
**उपभोक्तासमिति सचिव** : कुमार थारु,सम्पर्क नं.९८६७१६५७९७

**खरिद व्यवस्थापन समिति**
**मनरी हेण्ड पम्प खानेपानी तथा**
**सरसफाइ योजना**